# स्थानीय राजपत्र

मंगलसेन नगरपालिका, अछामद्वारा प्रकाशित

| खण्ड २ | संख्या ४ | मिति: २०७५/०२/२८ |
|---|---|---|

**भाग २**

**मंगलसेन नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (२) बमोजिमको मंगलसेन नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ ।

सम्वत् २०७५ सालको कार्यविधि संख्या ४

# सुचना प्रविधी नीति २०७५

## पृष्ठभूमी

सूचना प्रविधीको विकासले विश्वमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, व्यापार, प्रशासनिक कार्य लगायत आर्थिक समाजिक क्षेत्रको द्रुत विकास भइरहेको छ । सुचना प्रविधी कै सहयोगमा अन्तरिक्षको खोज अनुसन्धान देखि शान्ति सुरक्षाका क्षेत्रमा अतुलनिय प्रगति गर्न सफल विभिन्न विकसित मुलुकहरु भएका छन् । नेपाल जस्ता अल्प विकसित मुलकहरुलाई समेत यस्ता प्रविधी निकै सहयोगी र उपयोगी सिद्ध भएका छन् ।

विज्ञान र प्रविधीको व्यापक प्रयोगबाट कानुनी शासन, भ्रष्टचारमुक्त र

चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असलशासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट प्रदान गर्न सकिन्छ। यस अर्थमा सूचना प्रविधी नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासमा चुनौतीको सामना गर्नु एउटा सशक्त पूर्वाधारका रुपमा समेत स्थापित हुन सक्ने देखिन्छ ।

नगरपालिकाले पहिलो नगरसभाबाट आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रममा शीर्षक (५०३०) सुचना प्रविधीलाई सवै वडाहरुमा सर्वसुलभ रुपमा विस्तार गरिने नीति अख्तियार गरेको छ ।

सुचना प्रविधी निती २०६७ र नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०७५ का लक्ष्य परिपूर्ति गर्ने उद्देश्यले **मंगलसेन नगरपालिका सुचना प्रविधी नीति २०७५** तयार गरी लागु गरिएको हो ।

## दुरदृष्टि (Vision)

नगरपालिकालाई सूचना प्रविधी यूक्त स्थापित गरी एक्काइसौ शताव्दीको समाजका रुपमा विकास गर्नु,

## परिदृश्य (Mission)

नगरपालिका क्षेत्र भर सूचना प्रविधीको प्रयोगबाट दिगो विकासका लक्ष्यहरु प्राप्ति गर्ने र नगरबाँसीलाई सुसुचित गर्ने ।

## लक्ष्य (Goal)

नगरपालिकाका १४ वटै वडा कार्यालय, शिक्षा, स्वास्थ्य, कृषि र सूचना सम्प्रेषणका आधुनिक प्रविधीको प्रयोग गरी समृद्ध मंगलसेनको सपना साकार पार्ने ।

## उद्देश्य (Objective)

क) सुचना प्रविधीको प्रयोगबाट हरेक वडा कार्यालयमा प्रभावकारी सार्वजनिक सेवा प्रवाह गरी घरघरमा सेवा भन्ने मान्यतालाई व्यवहारमुखी बनाउने,

ख) युवाहरुलाई सीपयुक्त बनाइ दक्षता प्रदान गर्ने,

ग) नगरपालिकाका सम्पूर्ण कामकाजलाई विद्युतिय प्रणाली अनुसार संचालन गर्ने,

घ) नगर क्षेत्रका सवै विद्यालय, स्वास्थ्य संस्था, कृषि संस्थालाई प्रविधीयुक्त बनाइने छ,

ङ) कर, राजश्व संकलन, इ-विडिङलाई प्रभावकारी ढंगबाट संचालन गरी पारदर्शिता र जवाफदेहियता स्थापित गराई सु-शासनयुक्त नगरका रुपमा विकास गर्ने,

च) नगर क्षेत्रको पर्यटन विकास र प्रबद्धन गर्ने,

छ) नागरिकलाई सुसचित गर्ने सूचना प्रविधिको प्रयोग गर्ने,

ज) नगरपालिकाबाट गरिने सेवा प्रवाह सर्बसाधारणको लागि सरल र सुलब बनाईनेछ ।

**रणनीति तथा कार्यनीति (Strategy)**

क) सूचना प्रविधी नीतिलाई विकास नीतिहरु समेतसंग सामञ्जस्य गराई नगर क्षेत्रमा युवा रोजगारी अभिवृद्धीमुलक कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ लागु गरिनेछ ।

ख) सूचना प्रविधीको प्रयोगमा सूचना सुरक्षा तथा तथ्याङ्क गोपनियतालाई सुदृढ गरिनेछ ।

ग) नगर क्षेत्रका सबै विद्यायहरुमा इन्टरनेटको पहुँच विस्तार गरिने छ । विद्यालय शिक्षालाई सूचना प्रविधीमैत्री बनाई इक्लास, भिडियो कन्फ्रेन्स जस्ता कार्यक्रम संचालन गरिनेछ ,

घ) सूचना प्रविधी सम्बन्धी शिक्षा प्रदान गर्ने सहकार्यात्मक वातारण सिर्जना गरिनेछ,

ङ) नगरपालिकाबाट संचालित योजना, कार्यक्रम तथा आयोजनाहरुमा सूचना प्विधीको व्यवहारमुखी प्रयोगद्धारा योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यानवयन गरिनेछ,

च) सञ्चार संयन्त्रको माध्यमबाट हुने e-bidding, e-commerce, e-trade and e-tax लाई सहज बनाउन e-payment लगायतका विषयमा नीतिगत, संस्थागत र कार्यक्रमगत प्रयास गरिनेछ ।

छ) सूचना प्रविधी सम्बन्धी दक्ष र गुणस्तरीय जनशक्तिको विकासका लागि विद्यार्थी, शिक्षक एवं विद्यालय, संस्थाहरु लक्षित विशेष कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

ज) विद्युतीय सरकार योजना प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ,

झ) नगरपालिकाको वेभ साइटलाई समय समयमा अपडेट गरिनेछ,

ञ) नगरपालिकाको कार्यालयमा एक सूचना प्रविधी कक्ष बनाई सम्पूर्ण नगर क्षेत्रमा नेटवर्क विस्तार, अनुगमन र नियन्त्रण गरिनेछ,

**संस्थागत व्यवस्था**

यो नीतिको कार्यान्वयन मंगलसेन नगरपालिकाको कार्यालयले गर्नेछ। यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि सूचना प्रविधी अधिकारी रहने एक छुट्टै विज्ञान प्रविधी फाँटको व्यवस्था गरिनेछ,

**आर्थिक व्यवस्था**

नगरपालिकाले एक विस्तृत सूचना प्रविधी कार्ययोजना बनाई बजेट व्यवस्था सहित लागू गरिने छ । सूचना प्रविधी नीति प्रभावकारी रुपमा कार्यन्वनय र सुचना प्रविधीको विकास एवं विस्तार गर्न विभिन्न सरकारी, गैर सरकारी, प्रदेश सरकार र संघीय सरकारसंग सहकार्य गर्न सकिनेछ,

**कानूनी व्यवस्था :**

सूचना प्रविधिका माध्यमबाट हुने सार्वजनिक सेवा प्रवाह एवम् आर्थिक, व्यापारिक कारोवार र यस प्रविधिसँग सम्वन्धित अन्य आवश्यक व्यवस्थाहरुलाई नियमित गर्न तथा बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारलाई संरक्षण दिन आवश्यक नियमक एवम् कानूनी संरचनाहरुको निर्माण एवम् परिमार्जन गरिनेछ ।

**विविध :**

सूचना प्रविधी सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमाणीकरण मिति: २०७५/०२/२८**

**आज्ञाले,**
**गणेश प्रसाद जैसी**
**प्रमुख प्रशासकीय अधिकृत**